# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## हेटौंडा उपमहानगपालिकाको विज्ञापन कर संकलन गर्ने सम्बन्धी सूचना।

**सूचना नं.: HSMC/Rajaswa/01/2083/84**

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२५)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६४ बमोजिम उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र उपमहानगरपालिकाले विभिन्न प्रकारका विज्ञापनमा करको दर निर्धारण गर्ने र कर संकलन गरी प्रदेश र उपमहानगरपालिका बीच कर बांडफांड गर्ने कानुनी व्यवस्था भए बमोजिम यस हेटौंडा उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र आ.व.२०८३/८४ को लागि ठेक्का प्रक्रियाबाट विभिन्न प्रकारका व्यवसाय प्रर्बधनका लागि राखिएका विज्ञापन सामग्रीहरुमा हेटौंडा उपमहानगरपालिकाको आर्थिक ऐन, २०८२ दफा १८ को अनुसूची १७ मा उल्लेखित दरका आधारमा कर संकलनको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र कालो सूचिमा नपरेको स्वःघोषणा पत्रको प्रतिलिपिहरु सहित रितपूर्वको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

| क्र.सं. | विवरण | इकाई | सार्वजनिक स्थान | निजी स्थान |
|---|---|---|---|---|
| १ | लाईट होर्डिङ्ग बोर्ड उपमहानगर क्षेत्रभित्र | प्रति वर्ग फिट | १०० | १०० |
| २ | वालबोर्ड वार्षिक | प्रति वर्ग फिट | ५० | २५ |
| ३ | होर्डिङ्ग बोर्ड | प्रति वर्ग फिट | १२५ | १०० |
| ४ | व्यापारिक तथा व्यवसायिक प्रयोजनको फ्ल्यास बोर्ड | प्रति वर्ग फिट | ३० | २० |
| ५ | कपडाको तुल तथा ब्यानर | प्रति थान प्रति पटक | २०० | |
| ६ | व्यापारिक वस्तु, सेवा तथा उत्पादनको स्टल राखी प्रचार प्रसार गर्ने कार्य | प्रति दिन | १५०० | |
| ७ | 2D, 3D, ग्लोसाईन बोर्ड | प्रति वर्ग फिट | ५०० | |
| ८ | Led digital hoarding board, Led display board, Neon Shine Board | प्रति वर्ग फिट | १५० | १०० |
| ९ | राजमार्गमा स्वागतद्वर राख्न पाईने छैन, अन्य स्थानमा उ.म.न.पा. को स्वीकृत लिएर मात्र गेट राख्न पाईनेछ। प्रति हप्ता रू. ३०००।— प्रति गेट | | | |
| १० | डिजिटल होर्डिङ बोर्ड | प्रति वर्ग फिट | ५०० | |
| ११ | डि.पि.एस. बोर्डलाई १० वर्ग फिट भन्दा साना एक भन्दा बढी बोर्ड राखे भएमा | प्रति वर्ग फिट | १०० | |
| १२ | लाइटबोर्ड | प्रति वर्ग फिट | ५०० | |
| १३ | मुख्य शहरी क्षेत्रको सोलार तथा बिजुली पोलमा विज्ञापन गर्दा | प्रति पोल | १००० | |
| १४ | **LED** बोर्ड | प्रति वर्ग फिट | ३०० | |
| | मेला महोत्सव विज्ञापन कर | प्रति दिन | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | सार्वजनिक स्थानमा प्रचार प्रसार तथा स्टल राखी प्रचार कार्यक्रम | प्रति दिन | २५०० | |
| | प्रचार प्रसारमा माईकिङ्ग प्रति दिन २०० मात्र (राजनितिक दललाई र सार्वजनिक हितको सूचनामा विज्ञापन कर लाग्नेछैन।) | | | |
| | उपमहानगरपालिकाले सम्झौता गरेकोमा विज्ञापन कर लाग्ने छैन। | | | |
| | घुम्ती प्रचार प्रसार (कृषि उपज वाहेक) खाद्य, औषधी तथा उपभोग्य वस्तु | प्रतिदिन | ५०० | |
| | घुम्ती प्रचार प्रसार अन्य व्यवसायीक वस्तु | प्रतिदिन | १००० | |

- व्यवसाय दर्ता गरी सञ्चालन गरेको स्थानमा परिचयको लागि राखेको २० वर्ग फुटसम्मको व्यवसायिक पहिचानको वोर्डमा विज्ञापनकर लाग्ने छैन । तर उक्त बोर्डमा अन्य फर्म तथा वस्तुको सूचना तथा जानकारी लेख्न पाईने छैन ।
- राजनैतिक, धार्मिक, जन चेतना मूलक तथा राष्ट्रिय महत्वका बिषय वस्तुको प्रचार सामाग्रीको हकमा यस उपमहानगरपालिकाको नियमानुसार कर छुट गर्न सकिनेछ । तर यस्ता सामग्रीको प्रचार प्रसार गर्दा पूर्व स्वीकृत गराई तोकिएको स्थानमा गर्नु पर्नेछ । साथै डिपिएस बोर्डमा आफ्नो व्यवसायिक फर्मको नाम बाहेक अन्य कुनै संकेत तथा थप विज्ञापनमूलक पहिचान भएमा तोकिएको दरले पुरा रकम लाग्नेछ ।

**<u>शर्तहरुः</u>**

१. बोलपत्र फारम पेश गर्ने फर्मले बोलपत्र दस्तुर बापतको रकम रू. ३,०००।०० यस उपमहानगरपालिकाको नेपाल बैंक लि. **हेटौडाको आन्तरिक राजश्व खाता नं. ०२५०३०००००१००१००००००१** राजश्व शिर्षक १४२२९ मा जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद सहित फर्मको इजाजत पत्र, मु.अ.कर दर्ताको प्रमाणपत्र आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

२. ठेक्काको मान्य अवधि २०८३ साउन १ गते देखि २०८४ असार मसान्त सम्म कायम रहनेछ ।

३. बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित मितिबाट मिति २०८३/०३/२३ गते सम्ममा **e-bidding** मार्फत मात्र खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु मिति २०८२/०३/२३ गते दिनको १२.०० बजे **e-bidding** मार्फत दर्ता गरिसक्नु पर्नेछ । दर्ता भई आएका बोलपत्रहरु सोही दिनको (मिति २०८३/०३/२३ गते) २.०० बजे यस कार्यालयमा कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवोरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । साथै बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन मानिने छ । साथै ई-विडिङ्ग मार्फत बोलपत्र पेश गर्न चाहाने बोलपत्रदाताको हकमा ***www.bolpatra.gov.np/egp*** बाट पनि बोलपत्र पेश गर्न सकिनेछ ।

४. बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ आफुले कबोल गरेको मु.अ.क. समेतको अंकको ५% ले हुन आउने रकम हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा रहेको नेपाल बैंक लि.सिटी अफिस हेटौंडाको धरौटी खाता ०२५०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस नगर कार्यपालिकाको कार्यालयको नाममा जारी गरेको वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको विडबण्ड संलग्न गर्नु पर्नेछ । म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

५. बोलपत्रदाताहरुले कबोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. बोलपत्र फारमको प्रत्येक पानामा फर्मको छाप र आधिकारीक व्यक्तिको हस्ताक्षर भएको हुन पर्नेछ ।

७. बोलपत्र स्वीकृती भएको जानकारी पाएको ७ (सात) दिन भित्र प्रस्ताव दाताले पहिलो किस्ता बापत २५% ले हुने रकम मू.अ.कर सहितको रकम नेपाल बैंक हेटौंडा शाखाको ग६.१ ०२५०३००००००६००१०००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । दोश्रो र तेश्रो किस्ता त्रैमासिक रुपमा चालु आ.ब.को असार मसान्त भित्र मू.अ.कर सहितको रकम दाखिला गरी सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ र साथै सझौता अङ्कको ७५% ले हुने रकम र सोको मु.अ.कर सहितको रकम नेपाल सरकारबाट मान्यता

प्राप्त वाणिज्य बैंकबाट यस नगर कार्यपालिकाको कार्यालयको नाममा सम्झौता मितिबाट सम्झौता अवधि सकिनु भन्दा कम्तीमा दुई महिना बढी म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) संझौताको समयमा पेश गर्नु पर्नेछ ।

८. बोलपत्रदाताले कबोल अंक रकम एकमुष्ठ नगद बुझाएमा कबोल अंकको १० % ले हुन आउने रकम प्रचलित ऐन बमोजिम छुट दिन सकिनेछ।

९. यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट ***www.hetaudamun.gov.np*** बाट समेत जानकारी लिन सकिनेछ । साथै यस कार्यालको सूचना पाटीमा समेत टांस गरिएकोछ ।

१०.ठेक्का सम्बन्धी प्रिविड मिटिंग मिति २०८३/०३/१२ गते दिउंसो २:०० बजे यसै कार्यालयमा हुनेछ ।

११.कुनै कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत अस्वीकृत गर्ने अधिकार हेटौंडा उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।

१२.अदालतको फैसला वा नेपाल सरकार वा प्रदेश सरकारको निर्णय बेगर यस सूचना बमोजिम भएको ठेक्का संझौतामा कुनै किसिमको मिन्हा वा छुट दिईने छैन ।

१३.ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ ।

१४.यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१५.अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको फोन नं.०५७-५२४५८८ मा सम्पर्क राख्न सकिनेछ।

**हेटौंडा उपमहानगरपालिका**